कालिगण्डकी गाउँपालिका
KALIGANDAKI RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
पुर्तिघाट, गुल्मी (Purtighat, Gulmi)
लुम्बिनी प्रदेश, नेपाल
LumbiniProvince, Nepal

पत्र सङ्ख्या / Ref.No.: ०७९/०८०
चलानी नं./ Dis.No.:

कालिगण्डकी गाउँपालिका क्षेत्रमा पर्ने कालिगण्डकी नदी र आसपासका खोलाहरु (IEE मा उल्लेखित क्षेत्रहरुबाट संकलन/उत्खनन शुल्क) भित्रबाट ढुङ्गा गिट्टी बालुवा लगायत नदीजन्य पदार्थ निकासी असुल गर्ने सम्बन्धी

## बोलपत्र आह्वानको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७९/०६/१४**

यस कालिगण्डकी गाउँपालिकाबाट आ.व. २०७९/८० को अवधिको लागि तपशिल बमोजिमको स्थानहरुमा ढुङ्गा गिट्टी बालुवा तथा नदीजन्य पदार्थको निकासी गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले तपशिल बमोजिमको शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

<u>तपशिल</u>

१. यो सूचना प्रकाशित भएको मिति देखि १५ दिनभित्र सम्बन्धित आपूर्तीकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले आ.व. २०७९/८० को लागि अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र अद्यावधिक नविकरण फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणित प्रमाणपत्र आ.व ०७८/७९ सम्मको कर चुक्ता प्रमाणपत्र र नियमानुसारको तपशिलमा उल्लेख भएबमोजिम बोलपत्र दस्तुर पछि फिर्ता नहुने गरी निवेदन साथ पेश गरेपछि नियमानुसार छुट्टाछुट्टै बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध हुनेछ ।
२. सिलबन्दी बोलपत्र सूचना प्रकाशित गरेको मितिले १६ औं दिन दिउँसो १२ बजेसम्म यस कार्यालयमा पेश गरिसक्नु पर्नेछ र सोही दिनको दिउँसो बोलपत्र खोलिने छ । सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सोही बमोजिम हुनेछ ।
३. बोलपत्र साथ आफुले कबोल गरेको अङ्कको ५ प्रतिशत कालिगण्डकी गाउँपालिकाको कुमारी बैंक कालिगण्डकी शाखा पुर्तिघाटको धरौटी खाता नं. ०८६००३५७७३७००००५ मा जम्मा गरेको सक्कल भौचर वा १२० दिनसम्म म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ ।
४. शुल्क तीन किस्ता गरी बुझाउनु पर्नेछ । पहिले नै एकमुष्ट बुझाउन चाहेमा कबोल अङ्कको १० % रकम छुट गरिनेछ ।
५. बोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता हुनुपुर्व प्रथम किस्ता बापत २५% रकम दाखिला गर्नुपर्नेछ । अन्य किस्ताको धितो बापत बैंक ग्यारेन्टी (परफरमेन्स फण्ड) बनाई पेश गर्नुपर्नेछ ।
६. रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।
७. नियमानुसार लाग्ने सम्पुर्ण कर ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ ।
८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
९. ठेक्काका अन्य शर्तहरु सम्झौताका बखत निर्धारण हुनेछ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

१०. यस सूचनामा नपरेका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

११. यस गाउँपालिकामा कुनै पनि प्रकारको दायित्व भुक्तानी गर्न बाँकी फर्म तथा व्यक्ति बोलपत्र पेश गर्न ग्राह्य हुने छैनन् र त्यस प्रकारका बोलपत्र स्वीकृत गरिने छैन ।

| ठेक्का नं. | उत्खनन तथा संकलन गर्ने वस्तु तथा क्षेत्र | न्युनतम ठेक्का अङ्क | बोलपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| २,२०७९/८० | कालिगण्डकी गाउँपालिका वडा नं. १ दिहिङ मुनि क्षेत्रमा पर्ने कालिगण्डकी नदीका ढुङ्गा गिट्टी बालुवा तथा नदीजन्य पदार्थ । | रु. ४३२३३६/- | रु. ३०००/- | रु. १२९७०/- |
| ३, २०७९/८० | कालिगण्डकी गाउँपालिका वडा नं. २ राक्सेघाट अर्वेनी क्षेत्रमा कालिगण्डकी नदीका ढुङ्गा गिट्टी बालुवा तथा नदीजन्य पदार्थ । | रु. ८६६८४१/- | रु. ३०००/- | रु. २६००५/- |
| ४, २०७९/८० | कालिगण्डकी गाउँपालिका वडा नं. ३ जयखानी क्षेत्रमा पर्ने कालिगण्डकी नदीका ढुङ्गा गिट्टी बालुवा तथा नदीजन्य पदार्थ । | रु. ५५००२६/- | रु. ३०००/- | रु. १६५००/- |
| ५, २०७९/८० | कालिगण्डकी गाउँपालिका वडा नं. ४ मसिना बगर क्षेत्रमा पर्ने कालिगण्डकी नदीका ढुङ्गा गिट्टी बालुवा तथा नदीजन्य पदार्थ । | रु. ३७१४०३/- | रु. ३०००/- | रु. ११४४२/- |
| ६, २०७९/८० | कालिगण्डकी गाउँपालिका वडा नं. ४ र ६ घुमाउनेबगर क्षेत्रमा पर्ने कालिगण्डकी नदीका ढुङ्गा गिट्टी बालुवा तथा नदीजन्य पदार्थ । | रु. ४४३८४९/- | रु. ३०००/- | रु. १३३१५/- |
| ७, २०७९/८० | कालिगण्डकी गाउँपालिका वडा नं. ६ फुलबारी क्षेत्रमा पर्ने कालिगण्डकी नदीका ढुङ्गा गिट्टी बालुवा तथा नदीजन्य पदार्थ । | रु. ३५५७२७/- | रु. ३०००/- | रु. १०६७२/- |

.............................

ओम बहादुर थापा

नि.प्रमुख प्रशासकीय अधिकृत